प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश, बुटवल

(अन्तर्वार्ता तथा सिफारिस शाखा)

विषय: वैकल्पिक उम्मेदवार सिफारिस सम्बन्धी सूचना

सूचना नं. १०९/२०८३-८४, मितिः २०८३/०८/०८

यस आयोगको विज्ञापन नं. ५१०१५/२०८२-८३ (खुला), प्रदेश निजामती सेवा अन्तर्गत प्रदेश स्वास्थ्य सेवा, सर्जरी समूह, जनरल सर्जरी उपसमूह, अधिकृतस्तर नवौं तह, कन्सल्टेण्ट सर्जन पदमा सिफारिस भएका मुख्य उम्मेदवार सागर ज्ञवाली (रुरुक्षेत्र-५, गुल्मी) प्रदेश लोक सेवा आयोग, सुदुरपश्चिम प्रदेशको मिति २०८२/१०/३ को निर्णयानुसार नवौं तहको कन्सल्टेण्ट सर्जन पदमा सिफारिस भई सेती प्रादेशिक अस्पताल, धनगढी कैलालीमा हाजिर समेत भएकोले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपालको च.नं. ११६६ मिति २०८३/०७/१६ को प्राप्त पत्रबाट उक्त रिक्त हुन गएको पदमा वैकल्पिक सिफारिस गरिदिन अनुरोध भई आएको हुँदा आयोगको सोही विज्ञापनको सिफारिस सम्बन्धी सूचनाबाट वैकल्पिक योग्यताक्रममा रहेका देहायका उम्मेदवारलाई प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ३४ बमोजिम स्थायी नियुक्तिका लागि वैकल्पिक उम्मेदवार सिफारिस गर्ने भनी मिति २०८३/०८/०८ मा आयोगस्तरीय निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

सूचना नं. २१/२०८३-८४ मिति: २०८३/०४/१५

योग्यताक्रमबाट हटाइएको उम्मेदवारको विवरण

यो. क्र.नं.	रोल नं.	उम्मेदवारको नाम थर	ठेगाना	बाबु/ आमाको नाम	बाजेको नाम	रिक्त हुनाको कारण	सिफारिस गरिएको निकाय
१	१७	सागर ज्ञवाली	रुरुक्षेत्र-५, गुल्मी	नेत्रप्रसाद/ लक्ष्मी	इश्वरीप्रसाद	मुख्य उम्मेदवार प्रदेश लोक सेवा आयोग, सुदुरपश्चिम प्रदेशमा सिफारिस भई सेती प्रादेशिक अस्पताल, धनगढी कैलालीमा हाजिर भएको	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपाल

वैकल्पिक सिफारिस गरिएको उम्मेदवारको विवरण

वै.यो. क्र.नं.	रोल नं.	उम्मेदवारको नाम थर	ठेगाना	बाबु/ आमाको नाम	बाजेको नाम	सिफारिसको आधार	सिफारिस गरिएको निकाय
१	१२	विजय घिमिरे	बनेपा-११, काभ्रेपलाञ्चोक	रामकृष्ण/ सुशीला	गौरीशंकर	मुख्य उम्मेदवार प्रदेश लोक सेवा आयोग, सुदुरपश्चिम प्रदेशमा सिफारिस भई सेती प्रादेशिक अस्पताल, धनगढी कैलालीमा हाजिर समेत भएकोले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपालले वैकल्पिक उम्मेदवार सिफारिस गरि पठाउन अनुरोध गरेको ।	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका (देउखुरी), नेपाल

पुनश्चः सिफारिस भएका उम्मेदवारलाई सिफारिस पत्र मिति २०८३/०८/१० गते दिनको ०१:०० बजे पछि दिइनेछ ।

(बलभद्र चौधरी)
बरिष्ठ अधिकृत (कम्प्युटर)

(लक्ष्मी पौडेल अर्याल)
बरिष्ठ अधिकृत

(लोक कुमार कार्की)
उपसचिव